म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक २३३ बिहीबार २३ चैत २०७९ ने. सं. ११४३ चौलाथ्व 6 April 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कुलेखानी जलाशयमा डुबेर सुवेदीको मृत्यु

हेटौंडा, २२ चैत/मकवानपुरको पर्यटकीय गन्तव्य इन्द्रसरोवर गाउँपालिकामा रहेको मानव निर्मित कुलेखानी जलाशयमा डुबेर एक जनाको मृत्यु भएको छ । इन्द्रसरोवर गाउँपालिका-१, मार्खुमा रहेको तालमा मंगलबार दिउँसो डुबेर बेपत्ता भएको युवकको शव बुधबार दिउँसो फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । काठमाडौं छैमलेका ३३ बर्षीय राजकुमार सुवेदी तालमा पौडी खेल्ने क्रममा बेपत्ता भएका थिए । मकवानपुरका प्रहरी निरीक्षक रामचन्द्र घिमिरेले सुवेदीलाई तालबाट मृत अवस्थामा बाहिर निकालिएको बताए । सुवेदी स्थानीयले चलाएको डुंगामा ज्याकेट, जुत्ता र मोबाइल डुंगामै छोडेर तालमा हाम फालेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । नेपाल प्रहरीको टोलीले मंगलबार उनको खोजी गरेपनि नभेटेपछि बुधबार सशस्त्र प्रहरी र नेपाली सेनाको टोलीले खोजी गरेका थिए । चितवनबाट आएको नेपाली सेनाको गोताखेर टिमले सुवेदीको शव तालबाट निकालेको हो । शव गाडिएको अवस्थामा फेला परेको थियो । प्रहरीले घटनाबारे अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक घिमिरेले जानकारी दिए ।

### आर्थिक मन्दीको प्रभाव

# धराशायी बन्दै हेटौंडाका उद्योग, क्षमता ४० प्रतिशतमा खुम्चियो

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/आर्थिक मन्दीका कारण औद्योगिक प्रतिष्ठानहरुमा ठूलो प्रभाव परेको छ । मुलुकको अर्थतन्त्र धान्नेदेखि आर्थिक वृद्धिदरमा भूमिका खेल्दै आएका उद्योगहरु नै धराशायी बन्न थालेका छन् ।

क्षेत्रफलका हिसाबले देशकै ठूलो हेटौंडा औद्योगिक क्षेत्रमा हाल सञ्चालनमा रहेका उद्योगको उत्पादन क्षमतामा ह्रास आएको छ । पछिल्लो समय आर्थिक वृद्धिदर घट्नु र बजार महंगी अत्याधिक बढ्नुले हेटौंडाका उद्योगहरुको उत्पादन ४० प्रतिशतमा सीमित भएको उद्योग संघ मकवानपुरले जानकारी दिएको छ । हेटौंडा औद्योगिक क्षेत्रमा हाल १ सयको हाराहारीमा उद्योग सञ्चालनमा छन् । जसमध्ये अधिकांश उद्योगको उत्पादन क्षमता ४० प्रतिशत मात्रै रहेको उद्योग संघका अध्यक्ष स्वागतराज प्याकुरेलले जानकारी दिए ।

ठूला उद्योग बहुराष्ट्रिय कम्पनी एसियन पेन्ट्स, बज्रर पेन्ट्सको उत्पादन पनि घटेको प्याकुरेलले बताए । हेटौंडा औद्योगिक क्षेत्रबाट ठूलो मात्रामा दाना उत्पादन गर्दै आइरहेका सिदार्थ र भ्याली पेलेट पनि ४० प्रतिशत क्षमतामा सञ्चालन भइरहेको उनले बताएका छन् । प्याकेजिङका उद्योगको अवस्थासमेत चिन्ताजनक रहेको उनको भनाई छ । एक वर्षको अन्तरालमै बैंक ब्याजदर दोब्बरले वृद्धि हुँदा उद्योगहरु धराशायी बन्न पुगेको उनले बताए । 'आर्थिक मन्दीले उद्योगको उत्पादन ४० प्रतिशतमा खुम्चिएको छ । बैंक ब्याजदर एक वर्षमै दोब्बरले बढ्दा उद्योग धराशायी भएका छन । मैले नै अघिल्लो वर्ष ७ लाख रुपैयाँ ब्याज तिरेकोमा यसवर्ष १४ लाख रुपैयाँ तिर्नुपरेको छ । यसरी उद्योगहरु सञ्चालन गर्न सक्ने स्थिति नै छैन', प्याकुरेलले भने ।



'औद्योगिक क्षेत्रका सबै उद्योगको उत्पादन क्षमता अहिले ४० प्रतिशतदेखि धेरैमा ५० प्रतिशतसम्म छ । कतिपय उद्योग बन्द हुने अवस्थामा पुगेका छन्', उनले थपे । औद्योगिक क्षेत्रभित्र १३ वटा सरकारी कार्यालय, बैंकलगायतका कार्यलय बाहेक १ सय ३३ वटा उद्योगको नाममा जग्गा सम्झौता भएको छ । जसमा २० वटा उद्योग पूर्णरुपमा बन्द भइसकेका छन् । बाँकी १ सय १३ वटा उद्योगमा पनि २० वटा निर्माणाधीन अवस्थामा रहेको र केहीले हाल उत्पादन बन्द गरेको संघले जनाएको छ । पूर्णरुपमा बन्द उद्योग र निर्माणाधीन अवस्था बाहेक करिब ९३ वटा उद्योग सञ्चालन भएपनि धराशायी अवस्थामा संचालनमा रहेका हुन् ।

उद्योगधन्दाको स्थिति खस्कँदै गएको उद्योग संघ मकवानपुरका सहकोषाध्यक्ष बुद्धराज अर्याल बताउँछन् । 'उद्योगहरु चलिरहेका छन तर, ४० प्रतिशत भन्दा बढी क्षमतामा सञ्चालन हुन नसकेको हो', अर्यालले भने । मन्दीकै कारण केही उद्योगहरु बन्द हुने अवस्थामा पुगेको उनको भनाई छ । हेटौंडा औद्योगिक क्षेत्रमा १८ वटा उद्योग पूर्णरुपमा बन्द भइसकेका छन् । बन्द हुनेमा नेपाल वनस्पति घ्यु उद्योग, हिमालयन पोलिमर्स, बाबा म्यानुफ्याक्चरिङ प्रालि, सन्नी डिष्टिलरी, नेमोपार्केट कम्पनी, ग्यासिका टेक्सटाइल, लक्ष्मी पेन्टस् उद्योग, क्वालिटी ह्याचरी एण्ड फिड इण्डष्ट्रिजलगायतका उद्योगहरु छन् ।

बर्सेनी करोडौंको सामान निकासी गर्ने बहुराष्ट्रिय कम्पनी कोलगेट पाल्मोलाइभ नेपाल प्रालि, एभरेष्ट मिनरल प्रोडक्ट, मकवानपुर इन्जिनियरिङ जस्ता उद्योगहरु यसअघि नै बन्द भइसकेका छन् । त्यस्तै, एभरेष्ट पोलिमर्स, एभरेष्ट भिनाइल, रिज्वाइन क्वालिटी फुड, एसिएन लेदर आर्टस् एण्ड टानिङ जस्ता उद्योगहरु पनि केहीवर्ष अघिदेखि अस्तित्वमा छैनन् । आर्थिक मन्दीकै कारण गत साउनदेखि यता मात्रै ५ वटा उद्योग बन्द भएको हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले जानकारी दिएको छ । कार्यालयका क्षेत्र व्यवस्थाक भोजराज बिनाडीले ५ वटा उद्योग बन्द भइसकेको बताए । उद्योगले धेरै कर्मचारी पनि कटौती गरिरहेका छन् ।

साउनबाट यता आर्थिक मन्दीका कारण उद्योगले कर्मचारी कटौती गरिरहेको बिनाडीले बताए ।


हेटौंडा औद्योगिक क्षेत्रको निर्यात व्यापार पनि अत्याधिक कम भइरहेको उद्योग संघका अध्यक्ष प्याकुरेल बताउँछन् । थोरै निर्यात हुँदै आएकोमा निर्यात पनि प्रभावित भएको उनले बताए । हेटौंडा औद्योगिक क्षेत्रको निर्यात व्यापारमा झण्डै ८५ प्रतिशतले गिरावट आएको छ । दशकअघिको व्यापारको तुलनामा बितेको वर्षको व्यापारमा झण्डै ८५ प्रतिशतले गिरावट आएको देखिन्छ । १० वर्षअघि आर्थिक वर्ष २०६५/०६६ मा मकवानपुरबाट २८ वटा उद्योगले भारत तथा तेस्रो मुलुकमा आफ्नो उत्पादन निर्यात गर्दै आएको तथ्यांक छ । तर, आव ०७६/७७ सम्म आइपुग्दा ५ वटाले मात्रै निर्यात गर्न सकेका थिए । हाल ५ वटाले पनि निर्यात गर्न नसकेको प्याकुरेलले बताए ।

विशेषगरी ऋसरजन्य उत्पादनको निकासीमा मकवानपुरको निर्यात व्यापार निर्भर थियो । ऋसर जन्य पदार्थको निर्यातमा सरकारले रोक लगाएपछि निर्यात व्यापार पनि ओरालो लागेको हो । पाँच वर्षअघि मकवानपुरका २५ निर्यातमूलक उद्योग मध्ये १९ वटा त ऋसरजन्य नै थिए । दशकअघि ऋसरजन्य उत्पादनहरु, जडिबुटी, अदुवा, लसुनहरु विदेशमा निर्यात हुने गरेकोमा सरकारी नीतिकै कारण सबै व्यापार ठप्प हुन पुगेको उद्योगीहरु बताउँछन् । कोरोना महामारीमा समस्या परेका उद्योगहरु हाल आर्थिक मन्दीले थप संकटमा पुऱ्याएपछि धराशायी बन्दै गइरहेका हुन् । कोरोना कालमा पनि उद्योगको उत्पादन क्षमता हालको जस्तै अवस्थामा थियो ।

### उद्योग वाणिज्य महासंघको निर्वाचन

# मकवानपुरका सुमार्गी र कटुवाल उम्मेदवार

साझाकुरा संवाददाता



अरुणराज सुमार्गी



कृष्ण कटुवाल

हेटौंडा, २२ चैत/ काठमाडौंमा नेपाल उद्योग वाणिज्य महासंघको २८ र २९ मा साधारणसभा तथा निर्वाचन हुँदैछ । निर्वाचन नजिकिएसँगै चुनावी सरगर्मी बढेको छ ।

व्यवसायीले प्यानल बनाएर उम्मेदवारी दर्ता गराएका छन् । निर्वाचनपछि महासंघको २० औं अध्यक्षमा हालका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकाल आउने छन् । महासंघको विधानमा वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष बन्ने प्रावधान छ । जसकारण महासंघको निर्वाचनमा वरिष्ठ उपाध्यक्ष पदमा प्रतिष्ठाको लडाई हुने गर्दछ । वरिष्ठ उपाध्यक्ष पदमा ३ जना व्यवसायी उम्मेदवार बनेका छन् । जसमध्ये जित्ने एकजना २१ औं अध्यक्ष हुनेछन् । यसैगरी, निर्वाचनमा मकवानपुरबाट एक पदाधिकारी र एक केन्द्रीय सदस्यमा दुईजनाको उम्मेदवारी परेको छ ।

महासंघमा जिल्ला नगर तर्फको केन्द्रीय उपाध्यक्षमा हेटौंडाका चर्चित व्यवसायी अरुणराज सुमार्गी उम्मेदवार रहेका छन् । महासंघको कुल तीन उपाध्यक्षमा ८ प्रतिस्पर्धी रहेका छन् । महासंघको विधानले तीन फरक व्यावसायिक क्षेत्रमा तीनजना उपाध्यक्षको व्यवस्था गरेको छ । जिल्ला-नगर उवासंघ, एसोसिएट र वस्तुगत उपाध्यक्षका ८ उम्मेदवार छन् । वाणिज्यतर्फ सुमार्गीसँगै सुर कृष्ण वैद्य, दिनेश श्रेष्ठ प्रतिस्पर्धामा छन् । यस्तै वस्तुगत उपाध्यक्षमा सकुन्तला हिराचन, मनिषलाल प्रधान र मेहराज ढकाल उम्मेदवार छन् । एसोसिएट उपाध्यक्ष पदका लागि ज्योत्सना श्रेष्ठ र भरतराज आचार्यबीच प्रतिस्पर्धा हुनेछ ।

तीन उपाध्यक्ष पदका ८ उम्मेदवारमध्ये जिल्ला-नगरका दिनेश श्रेष्ठ, वस्तुगतका हेमराज ढकाल र एसोसिएट्सका भरत आचार्य, उमेशलाल श्रेष्ठ प्यानलका हुन् । यस्तै अञ्जन श्रेठ प्यानलमा सुरकृष्ण श्रेष्ठ र अरुणराज सुमार्गी छन् । जिल्ला-नगर उपाध्यक्षका उम्मेदवार सुरकृष्ण वैद्य, वस्तुगत उपाध्यक्षका सुकुन्तलाल हिराचन र एसोसियट्सका ज्योत्सना श्रेष्ठ, रामचन्द्र संघाइ प्यानलका हुन् ।

जिल्ला नगरतर्फबाटै केन्द्रीय सदस्यमा मकवानपुरका कृष्ण कटुवाल उम्मेदवार छन् । सुमार्गी र कटुवाल दुवै मकवानपुर उद्योग वाणिज्य संघको प्रतिनिधित्व गरेर चुनावी मैदानमा होमिएका हुन् । निर्वाचनमा जिल्ला नगरतर्फ १ सय १८ मत रहेको छ । जसमा निर्वाचन जित्न बुहमत अर्थात ६० मत कटाउनु पर्नेछ । जिल्ला नगरतर्फ एक उपाध्यक्ष र १८ जना खुल्ला केन्द्रीय सदस्यका लागि सुमार्गी र कटुवालले उम्मेदवारी दिएका हुन् । सुमार्गी मकवानपुर उद्योग वाणिज्य संघ र प्रदेश उद्योग वाणिज्य संघको अध्यक्ष हुँदै महासंघको केन्द्रीय सदस्य भएका थिए ।

कटुवाल मकवानपुर उद्योग वाणिज्य संघको निवर्तमान अध्यक्ष हुन् । सुमार्गी र कटुवाल दुवै अञ्जन श्रेष्ठको प्यानलबाट उम्मेदवार बनेका हुन् । निर्वाचनमा वरिष्ठ उपाध्यक्षमा अञ्जन श्रेष्ठ, उमेशलाल श्रेष्ठ र रामचन्द्र संघाईले आ-आफ्नो प्यानल सहित मनोनयन दर्ता गरिसकेका छन् । वरिष्ठ उपाध्यक्षबाहेक जिल्ला नगर तर्फको उपाध्यक्ष, वस्तुगततर्फको उपाध्यक्ष र एसोसिएट उपाध्यक्षका लागि समेत निर्वाचन हुँदैछ । उमेशलाल श्रेष्ठ क्वेस्ट फर्मासिटिकल्सका प्रबन्ध निर्देशक हुन् भने अन्जन श्रेष्ठ लक्ष्मी समूहका कार्यकारी निर्देशक हुन् । यस्तै, रामचन्द्र संघई त्रिवेणी समूहका निर्देशक हुन् ।

निर्वाचनले ६४ सदस्यीय जम्बो टोली निर्वाचित गर्नेछ । निर्वाचनले एक वरिष्ठ उपाध्यक्ष र ३ उपाध्यक्षसहित जम्बो टोली निर्वाचित गर्दैछ । निर्वाचनबाट एसोसिएटतर्फ १९ जना केन्द्रीय सदस्य निर्वाचित हुनेछन् । यस्तै, जिल्ला/नगरतर्फ १८ जना र वस्तुगतमा १४ जना केन्द्रीय सदस्य समेत निर्वाचनबाट निर्वाचित हुनेछन् । यसका साथै, द्विराष्ट्रिय सदस्य १ जना हुनेछन् भने ७ वटा प्रदेशत अध्यक्ष स्वत: सदस्य बन्नेछन् । प्रदेशतर्फका अध्यक्ष निर्वाचित भइसके पनि पद बहाल भने निर्वाचनपछि नै गर्नेछन् । यसबाहेक, महासंघका अध्यक्षले ५ जना मनोनित गर्नेछन् भने एकजना निवर्तमान अध्यक्ष समेत कार्यसमित सदस्य रहनेछन् ।

यसअनुसार चैत २९ गतेको निर्वाचनले ६४ जनालाई निर्वाचित गर्नेछ भने ७ प्रदेशका र अध्यक्षले मनोनित गर्ने र निर्वतमान अध्यक्ष समेत गरी कूल ७७ जनाको जम्बो कार्यसमितिले आगामी ३ वर्ष महासंघको नेतृत्व हाँक्नेछ । निर्वाचनमा २ हजार मतदाता छन् । एसोसिएटतर्फ १ हजार ७ सय ४८ जना मतदाता छन् भने जिल्ला नगर तर्फ १ सय १८ जना मतदाता छन् । यस्तै, वस्तुगततर्फ १ सय २३ जना मतदाता छन् भने द्विराष्ट्रिय मतदाताको संख्या १२ छ । निर्वाचनमा उठेका उम्मेदवारले जीत हासिल गर्नका लागि खसेकोमध्ये कम्तिमा ५१ प्रतिशत मत ल्याउनुपर्छ । यसमध्ये वरिष्ठ उपाध्यक्ष पदका उम्मेदवारलाई सबै समूहका मतदाताले मत दिन पाउनेछन् ।

महासंघको विधानले जिल्लानगर, वस्तुगत र एसोसिएट गरी ३ समूहमा विभाजन गरेको छ । यो तीनवटै समूहले वरिष्ठ उपाध्यक्षलाई मत दिन पाउनेछन् । यसअनुसार, जिल्लानगरतर्फको मतभार ५० प्रतिशत, वस्तुगतको ३० एसोसिएटतर्फको मतभार २० प्रतिशत कायम गरिएको छ । वरिष्ठ उपाध्यक्ष बाहेकका उम्मेदवारको हकमा भने आ-आफ्नै समूहले मात्रै मतदान गर्न पाउनेछन् ।

Education is the real treasure

## We are hiring...

Hetauda Academy, a leading academic institution in Hetauda, offers a multifaceted learning environment to foster holistic development of children. Hetauda Academy is a student centric, parent-friendly and socially responsible academic institution that treats its faculty and staff with respect and dignity and is looking for suitable candidates with proven competence to work with young students in its various departments for the following positions:

1. Vice-Principal
2. Coordinators
   *Secondary Level, Basic Level and Pre-primary Level*
3. Secondary & Basic Level Faculty
   *Computer Science, English, Mathematics, Science, Social Studies & Human Value Education, Nepali, 'Health, Physical & Creative Arts'*
4. Secretary to CEO
5. School Counselor
6. ECA/CCA Instructor
   *Art & Craft, Music (Vocal & Instrument), Dance, Yoga, Basket Ball, Table Tennis, Cricket, Football, Martial Arts, Swimming, Hand Writing, English Phonics, Nepali Phonics*
7. Officers
   *HR & General Administration, Operations & Procurement, IT Administration, Library Management, Examination, ECA/CCA,*
8. Assistants: *Admin & Finance, Computer Lab, Computer Operator, Front Desk*
9. Discipline Staffs
10. Drivers, Security Guards, Cook, Helpers, Gardener

**For further details, please visit www.hetaudaacademy.edu.np/vacancy**

*Strong command over written & spoken English and basic computing skills are mandatory for all above mentioned positions except 10. Smart candidates without work experience are also encouraged to apply.*

There is no bar in remuneration and other benefits for deserving candidate. Interested candidates should send CV at hr@hetaudaacademy.edu.np with 2 references and expected salary not later than 9 April 2023.

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Hetauda-11, Makawanpur, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np

## घर जग्गा भाडामा

हेटौंडा-४, कमलडाँडा नबोदय बोडिङ अगाडि सरकारी तथा प्राइभेट अफिस, होस्टल, मन्टेश्वरी स्कुल आदिको लागि उपयुक्त २ कठ्ठा जग्गामा कम्पाउन्ड सहित निर्माण भएको ३ तल्ला घर १० कोठा, २ किचन, ३ बाथरूमसहित जम्मा १२ कोठा भएको सुविधा सम्पन्न पार्किङसहित कम्पाउन्ड घेरिएको पुरै घर जग्गा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
(नोटः भुई तल्ला फल्याट मात्र पनि लिन सकिनेछ)

सम्पर्क नं.:-
९८४५२६९७१३/९८४५०२०९५१
९८५५०३०९५१ (whatsapp)

## खुल्दैछ ! खुल्दैछ ! खुल्दैछ !

(उत्तराखण्ड चारधाम)

**बद्रीनाथ केदारनाथ तिर्थयात्राको लागि २०८० बैशाख १७ गतेबाट बिभिन्न मितिमा रिजर्भ बस खुल्दैछ ।**

**दर्शनीय स्थानहरू** :- महेन्द्रनगर, हरिद्वार, ऋषीकेश, फुलछट्टी, एमनोत्री (पहिलो धाम) ६ कि.मी. पैदल यात्रा, उत्तर काँशी, गंगनानी, गंगोत्री (दोश्रो धाम) रूद्र प्रयाग, गुप्तकाँशी, गौरीकुण्ड, केदारनाथ (तेश्रो धाम) १४ कि.मी. पैदल यात्रा (जोशी मठ) बद्रीनाथ, (चौथो धाम) ब्रम्हकपाली गरी १७ देखी १८ दिनमा नेपाल आईपुग्नेछ ।

भाडा प्रति यात्री ने.रु. ३०००५/- लाग्ने छ (बिहान बेलुकी खाना सहित ) नोटः- रिक्सा टाङ्गा, धर्मशाला, अन्य खर्च यात्रु स्वयंले बेहर्नुपर्नेछ । सम्पर्कः-

**गोपाल थापा, हेटौंडा बसपार्क**
मोवाईल नं. : ९८४५२९७६८१ घण्टी बाजे मनरवा, बारा,
मोवाईल नं. ९८४५८०८४०२

## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम




**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# कपडा उद्योग राजनीतिक एजेण्डा मात्र

अढाई दशकदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउन माग गर्दै नेकपा बहुमत मकवानपुरले प्रदर्शन गरेको थियो । चीन सरकारको सहयोगमा स्थापना भएको हेटौंडाको कपडा उद्योग तत्कालीन अवस्थामा अत्याधुनिक प्रबिधिको थियो । एउटै छानामुनी एकहजार जनाले रोजगारी पाएको त्यतिबेलाको एकमात्र उद्योग थियो । त्यसमा पनि अधिकांश महिलाले रोजगारी पाएका थिए । आर्थिक क्रियाकलापमा महिलालाई अगाडि बढाउने राज्यको सबैभन्दा ठूलो उद्योग बन्न पुगेको थियो हेटौंडा कपडा उद्योग । एउटै उद्योगमा एकातिरबाट कपास हालेपछि अर्कोतिरबाट तयारी कपडा निस्कन्थ्यो । धागो बन्नेदेखि लिएर कपडा बनेर त्यसलाई रंगीन बनाएर निकाल्ने एकमात्र उद्योग थियो हेटौंडा कपडा उद्योग । हेटौंडा कपडा उद्योगको उत्पादन गुणस्तरीय भएका कारण विद्यालय पोशाकको रुपमा ज्यादा माग थियो । हेटौंडा कपडा उद्यागेको उत्पादन मजदुर, किसान, कर्मचारी, ब्यापारी सबैले मनपराएका थिए ।

२०५६ मा कपडा उद्योग 'सटडाउन' गराउने कार्यको जिम्मेवारी राजनीतिक दल र तिनका मजदुर संगठनले लिनैपर्छ । २०४६ को राजनीतिक परिबर्तनपछिका दिनमा भ्रष्ट्राचार मौलाउँदै गयो । फलस्वरुप सरकारी स्वामित्वका औद्योगिक प्रतिष्ठान निशानामा परे । त्यसैको शिकार बन्न पुग्यो कपडा उद्योग । स्वदेशी कच्चापदार्थको प्रयोगबाट संचालन हुने अति उपयोगी स्वादेशी कपडा उद्योग धरासायी बनाइयो । उद्योगलाई सवलिकरण गर्दै लैजाने भन्दा पनि भ्रष्ट्राचारको अखाडा बनाउने काम गरियो । कपास खरिदमा भएको घोटाला मिलाउनका लागि हरेक बर्ष कपडा उद्योगको कपास गोदाममा नाटकीय आगलागी हुने गरेको थियो । यसको जिम्मेवारी कस्ले लिने ? विद्यमान अवस्थामा हेटौंडा कपडा उद्योग संचालनमा ल्याउन सक्ने सम्भावना नरहेको विज्ञहरुले बताउँदै आएका छन् । यतिबेला कपडा उत्पादन गर्ने प्रविधिमा धेरै परिवर्तन आइसकेको छ । हेटौंडा कपडा उद्योगको खिया लागेर जीर्ण भएको मेशिनबाट अब कपडा उत्पादन गर्न सम्भव नरहेको विज्ञहरुले बताएका छन् । फेरि पनि त्यही थोत्रो एजेण्डामा आन्दोलन गर्दा त्यसको उपलब्धी के होला ? यो एजेण्डा अब थोत्रो भइसकेको छ । राजनीतिक दलहरुलाई राजनीति गर्ने र मजदुरको भोट तान्ने एजेण्डा मात्र बनेको छ हेटौंडा कपडा उद्योग । जुनसुकै दल सत्ता बाहिर बस्दा सरकारलाई आरोप लगाउने भन्दा बाहेक केही परिबर्तन आउनेवाला छैन । सत्तामा पुगेको बेला कुर्सी जोगाउने ध्यान बाहेक अन्यत्र सोच्ने फुर्सद मिल्दैन । सत्ता बाहिर रहेको समयमा जनमत बढाउनका लागि कपडा उद्योग प्रमुख एजेण्डा बन्ने गरेको छ । भोलिका दिनमा सरकारले कपडा उद्योग संचालनमा ल्याएको खण्डमा तिनै राजनीतिक दलहरुले उद्योगमा आन्दोलनको ज्वारभाटा ननिकाल्ने ग्यारेन्टी कस्ले दिन्छ ? बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योगका मेशिन र प्रविधिलाई परिमार्जन गरी सरकारले पुन: सञ्चालनमा ल्याएर स्वदेशमै रोजगारी सृजना गर्न जरुरी छ ।

पछिल्लो ८ महिनामा ५ लाख युवा रोजगारीको खोजीमा खाडी मुलुकमा छिरिसकेका छन् । तीनै युवाले पठाएको रेमिट्यान्सबाट हाम्रो समाजले दैनिक उपभोग्य बस्तु र सेवा खरिद गरिरहेको छ । हेटौंडा कपडा उद्योग संचालन गर्ने नाममा तत्कालीन सरकारका प्रधानमन्त्री डा.बाबुराम भट्टराईले ८ करोड रुपैयाँ बिनियोजन गरेका थिए । भट्टराई सरकारले हेटौंडा कपडा उद्योग संचालन गर्ने अधिकतम प्रयास गरेको हो । तर, विज्ञहरुले यो सम्भव नहुने तर्क दिएका थिए । त्यसपछिका हरेक सरकाले हेटौंडा कपडा उद्योग संचालन गर्ने भन्दै जनताको आँखामा छारो हाल्ने काम बाहेक केही पनि गरेन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ चैत २४ गते शुक्रबार ७ अप्रिल २०२३ । प्रतिपदा, वैशाख कृष्णपक्ष । चौलागा ११४३ ने.सं. । सूर्योदय ५:५०, सूर्यास्त ६:२४। विश्व स्वास्थ्य दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नयाॅ काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# बिजुली निर्यातमा देखिएका समस्या समाधान गर्दै जानुपर्छ



सेमन्त दाहाल

विश्वमा सदिऔंदेखि ऊर्जाको व्यापार हुने गरेको छ । ऊर्जाको व्यापारले विश्वको आर्थिक, राजनीतिक र भू-राजनीतिक परिदृश्य नै बदलिएको इतिहास छ । विश्वका सबै राष्ट्रले ऊर्जाको व्यापार गर्दै आइरहेका छन् । आफ्नो देशमा प्राकृतिक स्रोतकारुपमा ऊर्जा भएका देशले बेच्ने र नभएका देशले किन्ने गर्दै आइरहेका छन् । त्यसैले ऊर्जाको व्यापार हुँदैन र गर्न हुँदैन भन्ने विषय नै उठ्दैन ।

विश्वमा विभिन्न प्रकारका ऊर्जाको व्यापार भइरहेको छ । त्यसमा कोइला, पेट्रोलियम पदार्थ र विद्युतसमेत सामेल छन् । यसबाहेक अन्य प्रकारका ऊर्जाको समेत व्यापार भइरहेको छ । यस्तो अवस्थामा नेपालले ऊर्जाको व्यापार गर्नुपर्दा चाहेर पनि कोइला र पेट्रोलियम ऊर्जाको निर्यात व्यापार गर्न सक्दैन । कोइला र पेट्रोलियम ऊर्जाको आयात व्यापार भने निरन्तर भइरहेको छ । तर, विद्युतमार्फत नेपाल ऊर्जाको निर्यात व्यापारमा सामेल हुन सक्छ । यद्यपि, यसमा केही चरण छन् । विद्युत् व्यापारको विषय चर्चा गर्दै गर्दा नेपाल बिजुलीमा आत्मनिर्भर बने/नबनेको र माग धाने/नधानेको विषय हेर्नुपर्छ ।

नेपालमा उत्पादित विद्युत् बढी भएको विषय एउटा कृत्रिम र एउटा वास्तविक हुन सक्छ । कृत्रिम विषयचाहिँ नेपालमा बिजुलीको खपत बढ्नै सकेको छैन । विश्वका अन्य मुलुकको तुलनामा नेपालमा प्रतिव्यक्ति ऊर्जाको खपत नै भइसकेको छैन । भारत र चीनको तुलनामा विद्युत् खपतमा नेपाल निकै नै पछाडि छ । नेपालमा उत्पादनको तुलनामा बिजुली खपत भइरहेको छैन । यही कारण विद्युत् अधिशेष भएर नेपालले बिजुलीको व्यापार गर्न अवसर पाएको हो । यो एउटा परीक्षणकालीन विद्युत् निर्यात हो । यसबाट वास्तविक रूपमा विद्युत् बढी भएपछि कसरी व्यापार गर्ने भन्ने पाठ सिकेर अघि बढ्नुपर्छ ।

अहिले भारततर्फ गइरहेको सीमित मात्राको बिजुलीले नेपालको बिजुली भोलिका दिनमा निर्यातका लागि परीक्षणका रूपमा बाटो मात्रै खुलेको छ ।

सन् २०१४ मा भएको पावर ट्रेड अग्रीमेन्टमार्फत नेपालको बिजुली भारत जाने बाटो खुलेको थियो । त्यसपछि थप छलफल र सम्झौतासँगै अहिले यो स्थितिमा पुगिएको छ । हाल नेपालको बिजुली व्यापारलाई दुई देशीय सम्झौताले भन्दा पनि भारतको आन्तरिक विद्युत् व्यापार निर्देशिकाले बढी निर्देशित गर्छ । नेपालबाट भारतमा बिजुली बेच्न केही विभेदकारी व्यवस्था छन् भने त्यसलाई बिस्तारै हटाउँदै लग्नुपर्छ । हामीले भारतलाई उनीहरूले बनाएको आन्तरिक कानुन गलत छ भनेर कानुनी चुनौती दिन नमिले पनि उनीहरूको कानुनमा गैरविभेदकारी व्यवस्थाले ल्याउने अवरोध हटाउनु पर्छ भन्न पाइन्छ । जसरी अन्य वस्तुको निर्बाध व्यापार हुन्छ, त्यसरी नै बिजुलीको निर्बाध व्यापार किन हुँदैन भन्न सक्नुपर्छ ।

जलविद्युत नीतिले नेपालको निर्यातयोग्य वस्तुका रूपमा जलविद्युतलाई अघि बढाउनुपर्छ भन्छ । निर्यातयोग्य वस्तुका रूपमा परिचित गराएपछि बिजुली पनि सोहीअनुसार निर्यात गर्न पाउनुपर्छ । यसका लागि हामीले बिस्तारै बाटो बनाउँदै लग्नुपर्छ । बाटो बनाउनका लागि अन्तर्राष्ट्रिय फोरम र भारतसँगको बैठकमा पनि कुरा उठाउनुपर्छ । यसका लागि पछिल्लो समय सरकारी ध्यान केन्द्रित भइरहेको देखिन्छ । बिस्तारै नेपालको बिजुली आयातमा भारतीय पक्ष 'कन्भिन्स' बन्दै गएको अनुभूति हुन्छ ।

हाल नेपाल र भारतबीच भएको विद्युत् व्यापार परीक्षणकालीन नै छ । यसलाई अर्को तहमा पुर्‍याउनका लागि भारतीय पक्षसँग निरन्तर संवाद गर्दै कानुनी झन्झटलाई घटाउँदै लग्नुपर्छ । नेपालको बिजुली भारततर्फ पठाउन सकेमा दक्षिण एसिया र विश्वकै फाइदाको विषय हो । किनकि, यतिबेला विश्वभर कार्बन उत्सजर्नको विषय जोडतोडका साथ उठेको छ । भारत र नेपालले नै कार्बन शून्यको लक्ष्य तय गरेका छन् ।

तर, यतिबेला भारतीय पक्षले चिनियाँ लगानीकर्ता वा निर्माण व्यवसायी आबद्ध नेपालका जलविद्युत परियोजनाबाट उत्पादित बिजुली निर्यातको अनुमति दिन उदार नरहेको भन्ने विषय मिडियामा सम्प्रेषण भइरहेको छ । यसकारण, माथिल्लो तामाकोसी जलविद्युत आयोजनाको बिजुली भारत जान सकेको छैन भन्ने छ । फलस्वरुप: अन्य साना-साना आयोजनाबाट बिजुली पठाउनु परेको अवस्था छ । यसमा नेपालले अपेक्षित रूपमा विद्युत् व्यापारमा संलग्न हुन अप्ठ्यारो परेको छ । यद्यपि, भारतले नेपालबाट प्राप्त हुने स्वच्छ बिजुलीले बजार भारतलाई लाभ हुने कुरा पनि बुझिसकेको छ र सोहीअनुसारको वातावरण बनाउन भारतलाई उत्प्रेरित गर्नुपर्छ ।

नेपालसँग 'विद्युत् व्यापार सम्झौता' गर्दा भारतले आइपर्ने अवरोधहरू बिस्तारै हटाउँदै लैजाने भनेको छ । अहिले भारतले चीनको नाम नलिई चीनका लगानीकर्ता, ठेकेदार कम्पनी र चिनियाँ अत्यधिक सामग्री प्रयोग भएका आयोजनाबाट बिजुली नकिन्ने अघोषित व्यवहार देखाएको अनुभूति भएको हो भने यसलाई पनि नेपाल-भारत बिजुली व्यापारमा आइपरेको समस्या हो भनेर हटाउनका लागि दुई देशका सम्बन्धित पक्ष गम्भीर संवादमा बस्नु पर्दछ । यसबाहेक, प्रतिस्पर्धाका आधारमा नेपालको हित संरक्षण गर्दै भारतीय लगानीकर्तालाई पनि आयोजनाको निर्माण जिम्मेवारी प्रदान गर्न सकिन्छ । यसबाहेक, भारतको बजारलाई नै लक्षित गरेर परियोजना बनाउने हो भने प्रतिस्पर्धामा अन्य देशका लगानीकर्ताको तुलनामा राम्रो अफर भारतीय लगानीकर्ताले गर्छन् भने उनीहरूलाई पनि 'कन्सिडर' गर्दा हुन्छ ।

नेपालले नीतिगत रूपमै विद्युत्लाई एउटा प्रमुख निर्यातयोग्य वस्तु भनिसकेपछि यसैलाई प्राथमिकता दिनुपर्छ । यसक्रममा भारतीय लगानीकर्ताको प्रस्ताव राम्रो हुन्छ भने उनीहरूको प्रस्तावलाई हामीले सदुपयोग गर्न सक्नुपर्छ । नेपालमा यतिबेला निर्माण चरणमै पुगेका केही आयोजना छन् । यसमध्ये सतलज जलविद्युत निगमले अघि बढाएको अरुण तेस्रोको निर्माण तीव्र रूपमा अघि बढेको छ र तल्लो अरुण र अरुण चौथो अगाडि बढ्ने क्रममा छन् । अरुण तेस्रो र तल्लो अरुण प्रतिस्पर्धाका आधारमा प्रदान गरिएको हो । पश्चिम सेती यसअघि प्रतिस्पर्धा गराउँदा सफलता हात नलागेपछि एनएचपीसीलाई कानुन बमोजिम वार्ता मार्फत दिइएको हो । एनएचपीसीले नेपाललाई प्रदान गर्ने भनेको लाभ अरुण तेस्रोसरहको नै छ ।

व्यापार भनेको उत्पादनमात्रै होइन । नेपालको एउटा कुनामा उत्पादित बिजुलीलाई भारतसम्म पुर्‍याउनु पर्छ र, यसका लागि पूर्वाधार अर्थात् प्रसारणलाइन बनाउनुपर्छ । प्रसारणलाइन बिना बिजुली व्यापार सम्भव छैन । प्रसारणलाइन निर्माणका लागि भारतले निजी क्षेत्रलाई जिम्मेवारी दिइसकेको छ भने यसमा सफलता पनि हासिल गरिरहेको छ । निजी क्षेत्रले लगानी गर्दा प्रतिफल पनि हेर्छ । भारतसँग जोडिने प्रसारणलाइन बन्दा त्यस्ता प्रसारणलाइनमा लगानीकर्ताले लगानीको न्यायोचित प्रतिफल खोजेमा त्यसलाई अनुचित भन्न मिल्दैन ।

यसका लागि सरकारले आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्छ । अन्तरदेशीय प्रसारणलाइन निर्माणमा खासै समस्या देखिँदैन । तर, आन्तरिक प्रसारणलाइन निर्माणमा वन, स्थानीय तह र स्थानीयवासीले अनेक झमेला गर्छन् । यो झमेलालाई सरकारले समाधान गर्न सक्नुपर्छ र आन्तरिक बजारमा बिजुली खपत हुने वातावरण बनाउनुपर्छ । प्रसारणलाइन बिना आन्तरिक रूपमा बिजुलीको खपत बढाउन सकिँदैन । त्यसैले प्रसारणलाइन निर्माणमा जोड दिनुपर्छ ।

अब आन्तरिक र अन्तरदेशीय प्रसारणलाइन निर्माणमा पनि सरकारले आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्छ । पहिचान गरिएका अन्तरदेशीय प्रसारणलाइन निर्माणमा वित्तीय स्रोतबाहेक अन्य ठोस समस्या देखिँदैन । तर, आन्तरिक प्रसारणलाइन निर्माणमा वन, स्थानीय तह र स्थानीयवासीको मागले अवरोध सिर्जना भएका छन् । यो अवरोधलाई सरकारले समाधान गर्न सक्नुपर्छ र आन्तरिक बजारमा पनि बिजुली खपत हुने वातावरण बनाउनुपर्छ । प्रसारणलाइन बिना आन्तरिकरुपमा बिजुलीको खपत बढाउन सकिँदैन ।

*(साभार: रातोपाटी)*

# नागरिकता विधेयकमा अनुचित अलमल



वृषेशचन्द्र लाल

तराई-मधेश लोकतान्त्रिक पार्टी सम्मिलित चारदलीय लोकतान्त्रिक मधेशी मोर्चाले संविधानका सर्त पूरा गरी पारित भएको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक-२०७९ लाई कानुन बनिसकेको घोषणा गर्नुपर्ने माग आफ्नो ११ सूत्रीय अवधारणापत्रमा अघि सारेको छ ।

उपरोक्त विधेयक प्रमाणीकरणको सन्दर्भमा तत्कालीन राष्ट्रपतिबाट संविधानको धारा ११३ को (४) अनुसारको संवैधानिक निर्देशनको ठाडो उल्लंघन भएको तथ्य जगजाहेर छ । यसक्रममा राष्ट्रपति पदबाटै संविधानको धारा ६१ को (१) र धारा ६६ को (१) को समेत प्रतिकूल कार्य भएको सवाल उठ्दै आएको छ । तर, सवाल जहाँको त्यहीँ छ । लोकतन्त्र र विधिको शासनप्रतिको प्रतिबद्धता, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल तथा नेपालको संविधानका निमित्त सायदै यसभन्दा अरू कुनै दु:खद कुरा भयो होला । तर, लोकतन्त्रको दुहाई दिँदै यसै संविधानका आधारमा सत्ता-सञ्चालन गर्दै हिँडिरहेकाहरूका निमित्त संवैधानिक दृष्टिले यस्तो गम्भीर घटनाको कुनै अर्थ रहेको संवेदनशीलता कतै देखिएन । लोकतन्त्र र संसदीय परम्परा वा कानुनका विज्ञहरूमध्ये अधिकांश चुप नै बसे । बाध्य भएर बोल्नैपर्ने हुँदाको स्थितिमा स्वरलाई सकेसम्म मलिन बनाएर अगाडि आए । लोकतन्त्रवादी राजनीतिक दलहरू, लोकतन्त्रवादी भनिएका युवा गण र वर्षौंदेखि नागरिकतालाई राजनीतिक मुद्दाका रूपमा प्रयोग गर्दै आएका दल र नेताहरू कोहीले पनि संविधानको यस्तो घोर उल्लंघनविरुद्ध प्रभावकारी पोजिसन लिन चाहेनन् । सत्ता समीकरण र नेतृत्वमा बसिरहन बिनाआधारको सिटबन्धन मात्र तिनका निमित्त पहिलो चासोको विषय रहयो । इतिहासले निश्चय नै यसको मूल्यांकन गर्नेछ ।

७० वर्षदेखि नेपालमा नागरिकताको सवालले ग्राह्य र निश्चित आकार प्राप्त गर्न सकेको छैन । वर्तमान नेपालको राजनीतिक सिमाना निश्चित गर्ने सुगौली सन्धि र त्यसकै आधारमा परिमार्जित रूपमा आएको १९५० को सन्धि तथा २००७ सालको जनक्रान्तिपछि, २००९ मा आएको पहिलो नागरिकता ऐनबारे विवाद थिएन । तर, त्यसपछि नागरिकता वितरणको विषय अर्ध-औपनिवेशिक मानसिकताको सिकार नै बनिरह्यो । देशको दक्षिणी भागमा बस्ने भारतसँग प्रत्यक्ष सामाजिक, सांस्कृतिक र वैवाहिक सम्बन्ध हुने मधेशी र थारूहरू यस मानसिकताको नियतपूर्ण तारो बनाइए । ल्याइएका नयाँ-नयाँ कानुनहरू र त्यसमाथि पनि सरकारहरूका बेला-बेलामा हस्तक्षेपसहितको नागरिकता-प्रमाणपत्र वितरण सम्बन्धी व्यवस्था यही मानसिकताबाट परिचालित रह्यो । राजतन्त्र वा पञ्चायत व्यवस्था अथवा त्यसपछिको लोकतान्त्रिक व्यवस्थामा समेत यसबारे कुनै वस्तुपरक फरक सोच देखिएन । अदालत, सत्तासीन रहने राजनीतिक दल र तिनका नेताहरू, ब्युरोक्रेसी सबै एकै ड्याङका देखिएर उजागर भए । विविधताको एकतासहित नेपालको सबै क्षेत्रका जनताको बीचमा सम्पूर्ण एकताको सुखद प्राप्तिमा यो एउटा बाधक तत्त्व नै हो ।

वर्तमान संविधानको धारा ३०४ बमोजिम नेपाल नागरिकता ऐन, २०६३ को संशोधित रूप २०७५ फागुन २१ गतेसम्म आइसक्नुपर्ने थियो । तर, त्यसो भएन न त यस ऐनमा संविधानसँग बाझिएका विषयहरू स्वत: खारेज भई ऐनको संशोधित रूप नआएसम्म देशको मूल कानुन संविधान अनुसार नागरिकता-प्रमाणपत्र वितरण गर्ने कार्य नै भयो । उल्टै ती प्रावधान अनुसार नागरिकताको हकदार भएकाहरूको प्रमाणपत्र जारी गर्न नै रोकियो । अहिले देशभरिका लाखौं नागरिक यसको सिकार छन् र नागरिक भएको नाताले निर्बाध नागरिक हकको प्रयोग गर्नबाट वञ्चित छन् ।

नागरिकता सम्बन्धी कानुनलाई संविधान अनुसार अन्तिम रूप दिनुभन्दा आलटालको नीति अवलम्बन गरी जानाजान रोक्ने काम मात्र भएको छ । संघीय लोकतान्त्रिक नेपालको संविधान जारी गरिएपछिको घटनाक्रमलाई हेर्ने हो भने पनि तथ्य यही रहेको देखिन्छ । केपी शर्मा ओली नेतृत्वको सरकारको तर्फबाट तत्कालीन गृहमन्त्री रामबहादुर थापाले २०७५ साउन २२ गते नागरिकता विधेयक संसद्मा दर्ता गराएका थिए । प्रतिनिधिसभामा प्रस्तुत सो विधेयकमा ६९ जना सांसदले २३ वटा दफामा १०२ वटा संशोधन प्रस्ताव राखेका थिए । कतिपय संविधानको व्यवस्थाभन्दा बाहिर र बाझिने गरी प्रावधानहरू राख्न पनि संशोधन प्रस्ताव गरिएका थिए, जबकि संविधानको धारा१ र ११० अनुसार संघीय संसद्ले कुनै पनि कानुन संविधानको अधीनमा रही मात्र बनाउन सक्छ र संविधानसँग बाझिने कानुन बाझिएको हदसम्म अमान्य हुने व्यवस्था छ । संविधान जारी गर्ने दलहरू लामो छलफलपश्चात् नागरिकता सम्बन्धी संवैधानिक प्रावधानहरूबारे सहमत भएका थिए तर यस्ता संशोधनका प्रस्ताव हाल्नेहरू ती दलहरूका सांसदहरू नै थिए । दुई वर्षभन्दा बढी छलफलमै अल्झ्याइयो र त्यसपछि प्रस्तुत गरिएको प्रतिवेदन संविधानमा भएको व्यवस्था र मर्म अनुसार आएन जसले गर्दा संसद् निष्कर्षमा पुग्न सकेन । फलस्वरूप नागरिकताजस्तो महत्वपूर्ण विषय त्यसै थन्कियो । तत्कालीन ओली सरकारले नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश-२०७८ ल्यायो तर सर्वोच्च अदालतले सो अध्यादेशको कार्यान्वयनमाथि २०७८ असार २८ को आफ्नो आदेशले रोक लगायो । सर्वोच्च अदालतको सो निर्णय संविधानको धारा ११४ को विपरीत थियो, जसलाई न्यायसंगत भन्न सकिन्न । त्यसपछि शेरबहादुर देउबाको नेतृत्वको सरकारले २०७९ असार ३० गते नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक-२०७९ प्रस्तुत गर्‍यो जो संघीय संसद्बाट दुई-दुई पटक पारित भए पनि तत्कालीन राष्ट्रपतिबाट प्रमाणीकरण गरिएन । पूर्वराष्ट्रपतिबाट नियतवश धारा ११३ को (४) को संवैधानिक व्यवस्थाको घोर उल्लंघन भएको तथ्य सबैलाई विदितै छ ।

**कहाँ छ, त्यो विधेयक ?**

सवाल उठ्छ, नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक-२०७९ को अहिलेको अवस्था के हो ? संविधानको संघीय व्यवस्थापन कार्यविधि अनुसार दुई-दुई पटक संघीय संसद्बाट पारित भई निश्चित रूपमा प्रमाणीकरण हुनैपर्ने संवैधानिक व्यवस्थाको बावजुद सो विधेयकले कानुनको रूप किन लिन सकिरहेको छैन ? यसबारे संविधान केही बोल्दैन, तथापि यो संविधानको मौनता भने होइन । संविधानले स्पष्ट संकेत गरिरहेको छ कि यस विधिबाट पारित यस्तो विधेयक प्रमाणीकरण बाहेक कसैसँग अर्को कुनै विकल्प छैन । धारा ११३ को (४) ले १५ दिनभित्र यस्तो विधेयक प्रमाणीकरण हुनैपर्दछ । होइन भने, १५ दिन कटिसकेपछि स्वत: प्रमाणीकरण भएको मानिनुपर्छ । धारा ११३ को (४) राखिनुको कारण पनि यही नै हो । राष्ट्रपतिको सहीछाप मात्रको अभावले केही फरक पर्दैन । नेपाली कांग्रेसका महामन्त्रीले संसद्मा नागरिकता सम्बन्धी अर्को विधेयकको माग गर्नुभएको छ । संविधानमा उल्लिखित संघीय व्यवस्थापन कार्यविधि, संविधान र संसद्को सर्वोच्चता तथा शृंगारिक राष्ट्रपतिको संकल्पनाको कसौटीमा यो बिलकुलै उचित देखिन्न, बल्कि यसमा यी सबसँग सम्झौताको नीतिको छनक आउँछ । यसको पछाडि फेरि नागरिकताको विषयलाई अल्झाउनु मात्र रहेको ध्येय देखिन्छ चाहे संविधानको व्यवस्था र मर्मको उल्लंघन नै किन नहोस् । सत्तासीन लगायत संसद्मा भएका राजनीतिक दलहरूले नयाँ विधेयक ल्याउनुभन्दा पहिले नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक-२०७९ को अहिलेको स्थितिको निर्क्योल र राष्ट्रपतिबाट पुन: यस्तै हुने अवस्थामा सिकार हुन पुग्ने संसद्बाट पारित विधेयकहरू कुन कुनामा थन्काइने हुन्, त्यसको उत्तर दिनुपर्छ ।

केहीले ब्रिटिस पार्लियामेन्टको बिल वास अप सिद्धान्त अगाडि सार्नुहोला । तर, उक्त नागरिकता विधेयक त्यस श्रेणीमा पर्दैन । ब्रिटिस पार्लियामेन्टको बिल वास अपको अभ्यास संसद्को कार्यकालको समाप्ति वा विघटनसम्म विधायनको काम पूरा नगरिसकेका विधेयकहरूसँग सम्बन्धित छ । नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक-२०७९ ले विधायन सम्बन्धी सबै काम पूरा गरिसकेको छ । फेरि, बेलायतको संविधान अलिखित एवं अभ्यास र परम्परामा आधारित छ भने नेपालको संविधान लिखित छ । नेपालको संविधानमा संघीय संसद्ले पारित गरेपछि 'राष्ट्रपतिको स्वीकृति' आवश्यक भएको वाक्यांश छैन । राष्ट्रपतिले संघीय संसद्बाट विधिपूर्वक पारित भएको विधेयकलाई प्रमाणीकरण मात्र गर्ने हो । यो राष्ट्रपतिको अधिकारभन्दा कर्तव्यको रूपमा आएको छ ।

**विकल्पहरू**

यदि संसद्मा उक्त विधेयकको नयाँ संस्करण पुरानै स्वरूपमा प्रस्तुत गर्ने हो भने पूर्वराष्ट्रपतिको प्रमाणीकरण नगर्ने कार्य उचित र जायज ठहरिनेछ । अन्य विधेयकहरूले पनि यस्तै नियति भोग्नुपर्ने बाटो खुल्नेछ । त्यसपछि राष्ट्रपतिको पद औपचारिक रूपमा सक्रिय भएर जानेछ र तानाशाही भित्र्याउन सकिने गरी ढोका खुला हुनेछ । त्यसकारण, संसद्मा नयाँ विधेयक ल्याउने कुराभन्दा पूर्वराष्ट्रपतिको संविधान विपरीतको कार्यबारे छलफल र त्यसबारे असहमतिको संसदीय स्थापना आवश्यक छ । जहाँसम्म उल्लिखित विधेयकको सवाल हो, सभामुखले विधेयक स्वत: प्रमाणीकरणको अवस्थामा पुगेको सूचित गर्दै त्यसले अब कानुनको रूप लिएको घोषणा गर्नु सर्वोत्तम विकल्प हुनेछ । यसले शृंगारिक राष्ट्रपतिको संवैधानिक अवधारणालाई पुनर्प्रतिष्ठापित गर्नेछ ।

अर्को, केही कमजोर विकल्प वर्तमान राष्ट्रपतिबाट नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक- २०७९ को प्रमाणीकरण गरी प्रतिनिधिसभामा पठाउनु हुनेछ । यसलाई शुद्धि-सुधारको बाटो भन्न सकिन्छ । यसले भविष्यमा यस्तो क्रियाकलाप नगर्न सचेत गराउनेछ ।


संविधानको धारा ६१ को (२) मा राष्ट्रपतिले संविधान र संघीय कानुनबमोजिम आफ्नो कार्यसम्पादन गर्नेछ भन्ने स्पष्ट व्यवस्था छ । राष्ट्रपतिको पद धारण गर्ने व्यक्ति संविधान भन्दा माथि छैन । शक्तिको पृथकीकरण, उत्तरदायी तथा जवाफदेह राष्ट्रप्रमुख र सरकार, लोकप्रिय सार्वभौमसत्ता, स्वतन्त्र न्यायपालिका, मौलिक हक र विधिको शासन संविधानवादका प्रमुख तत्व हुन् । आम जनताले संविधानको पालना गर्नुपर्ने तर राष्ट्रपतिको पद धारण गर्नेलाई त्यसबाट कुनै किसिमको उन्मुक्ति हुने भन्ने परम्परा कायम हुनु गणतान्त्रिक संविधानवादविरुद्धको कुरा हो । त्यसकारण, यसबारे तत्काल संसद्मा बहस र सोमार्फत संवैधानिक ट्र्याकको पुन:स्थापन आवश्यक भएको छ । यसले संविधानको मर्यादा कायम भई संसद्को सर्वोच्चता स्थापित हुनेछ जो नितान्त आवश्यक छ । अतएव, संसद्मा विधेयक प्रमाणीकरण र पूर्वराष्ट्रपतिको त्यस सम्बन्धमा भएको भूमिकाबारे बहस गरी नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक-२०७९ कानुन बनेको घोषणा हुनु नै सर्वोत्तम विकल्प हुनेछ ।

*(साभार: ई-कान्तिपुर)*

# इम्बोस्डमा प्रदेशको नाम नेपालीमै लेख्ने तयारी, अरु विवरण अंग्रेजीमै

काठमाडौं/सरकारको योजना पुरा भए अब सवारी साधनको इम्बोस्ड नम्बर प्लेटमा देवनागरि लिपि देखिने छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची-२ मा हेरफेर गर्दै इम्बोस्ड नम्बर प्लेटमा अग्रेजी वा देवनागरि अंक/अक्षर वा दुवै लेख्न सकिने व्यवस्था गरेको छ ।

अहिलेसम्म इम्बोस्ड नम्बर प्लेटमा अंग्रेजी र अंक मात्रै लेख्न सकिने व्यवस्था थियो । नयाँ व्यवस्था गरेरै प्लेटमा देवनागरि लिपीमा लेख्न लागिएको हो ।




भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका एक अधिकारीका अनुसार अब प्रदेशको नाम प्लेटमा इम्बोस्ड नगरी (अक्षर नउठाई) लेखिनेछ । 'यसका लागि धेरै चरणमा ठेकेदार कम्पनी टाइगर डेकाटुर आईटीसँग छलफल भएको छ र स्टिकरमा प्रदेशको नाम राखेर प्लेट बनाउन सकिने निष्कर्षमा पुगेका छौं,' उनले भने,'पूर्वयोजनाअनुसार भए अब कोशी, मधेश, बाग्मती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम भने प्लेटमा नेपालमा लेखिनेछ । तर, अब प्लेटमा प्रदेशका नामबाहेक अरु अंग्रेजीमै हुने छन् ।'

यसले प्लेटमा नेपाली भाषा पनि देखिने र नेपालको झण्डा पनि देखिने भन्दै यो देशका लागि गौरवको विषय हुने उनको दाबी छ । 'संशोधनअनुसार इम्बोस्ड नम्बर प्लेटमा नेपाली भाषाको प्रतिनिधित्व पनि हुनेछ,' ती अधिकारीले भने, 'प्लेटमा नेपालको झण्डा पनि भएकाले इम्बोस्ड प्लेट संसारकै भिन्न देखिन्छ ।'

भौतिक पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मा अंग्रेजी र नेपाली वा दुवै भाषामा प्लेटमा अंक र अक्षर लेख्न सकिने गरी संशोधन भएको भन्दै यसअनुसार प्लेट बनाउन सकिने अवस्था आएको बताउँछन् । 'हाम्रो आवश्यकतालाई हेरेर प्लेट दुवै भाषाम पनि लेख्न सक्छौं,' उनले भने, 'के गर्ने भनेर छलफलमा नै छौं ।'

यसअघि उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्हाल्दा इम्बोस्ड नम्बर प्लेट देवनागरी लिपिमा पनि लेख्ने व्यवस्था गर्ने बताउँदै आएका थिए । उनले प्रधानमन्त्रीसँग छलफल गरेर नै ऐनको अनुसूची संशोधन प्रस्ताव मन्त्रिपरिषद्मा लगेका थिए ।

प्रधानमन्त्री पनि प्लेटमा नेपाली भाषा राख्न सहमत भएकाले मन्त्रिपरिषदले सहजै यो व्यवस्था स्वकृत गरेको छ । यातायात व्यवस्था विभागका प्रवक्ता इश्वरीदत्त पनेरु मन्त्रिपरिषदको निर्णय राजपत्रमा प्रकाशित भएपछि प्लेटमा के परिवर्तन गर्ने वा नगर्ने भन्नेबारे छलफल हुने बताउँछन् ।

'हामीले ठेकेदार कम्पनीलाई प्लेटमा नेपाली भाषा राख्न सकिने/नसकिने अवस्थाबारे जानकारी मागेका छौं,'उनले भने, 'राजपत्रमा अनुसूची संशोधनको सूचना आएपछि नेपालीमा लेख्दा लागत बढ्ने वा नबढ्ने भन्नेबारे पनि छलफल हुन्छ ।'

कानुनी आधारविना नै नेपालीमा लेख्नेबारे जवाफ दिन ठेकदारलाई पनि असहज भएको भन्दै उनले कानुनी अड्चन फुकेपछि प्रक्रियागत रुपमा यसमा के गर्न सकिन्छ भनेर गृहकार्य र छलफलहरु हुने उनको भनाइ छ ।

ठेकेदार कम्पनी डेकाटुर आईटी ठेक्काको मूल्य बढाएमा नेपाली भाषा राखेर प्लेट दिन तयार छ । आर्थिक समस्या झेलिरहेको सरकार थप लागत ब्यहोरेर नेपाली भाषा राख्ने पक्षमा छैन ।

कम्पनीले अनौपचारिक सम्वादहरुमा इम्बोस्ड प्लेट नेपाली भाषामा लेख्न थप ६० लाख डलर अर्थात् करिब ७९ करोडभन्दा बढी खर्च लाग्ने बताउँदै आएको छ । तर, प्रदेशको नाम स्टिकरमै उल्लेख गरेर लेख्न सरकारले दिएका विकल्पमा कम्पनीले सहमति जनाउँदै अहिलेको ठेक्का मूल्यमा थोरै मात्र लागत थपिने बताएको मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

त्यसैकारण सरकार पनि पुरै प्लेट नेपालीमा नलेख्ने र प्रदेशको नाम इम्बोस्ड नगरी प्लेटमै प्रिन्ट गर्ने विकल्पमा सरकार जान लागेको छ । तर, यसअघि जडान भएका अंग्रेजी भाषा उल्लेखित प्लेट के गर्नेभन्नेबारे सरकार अन्योलमै छ ।

अहिलेसम्म सरकारले करिब ३ लाख सवारीमा इम्बोस्ड प्लेट जडान गरिसकेको छ । विभागका प्रवक्ता पनेरु सरकारको गर्ने निर्णय र कानुनका आधारमा इम्बोस्ड जडान कार्य अघि बढ्ने बताउँछन् ।

टाइगर डेकाटुरसँगको ठेक्का सम्झौताअनुसार २५ लाख सवारीमा इम्बोस्ड प्लेट जडान हुनेछ ।

५ भदौ २०७४ मा काठमाडौंबाट इम्बोस्ड प्लेट जडान सुरु भएको थियो । तर, सुरुमै प्रदेशको नामाकरण नहुँदै जोडिएको प्लेट भविष्यमा बेकाम हुने भन्दै विवाद भएको थियो । सुरुमा प्लेटको वितरण संविधानत: खारेज भएका अञ्चल (बाग्मती) का नाममा गरिएको थियो । विरोध भएपछि प्रदेशको नम्बर (स्टेट-३) उल्लेख गरेर वितरण सुरु भएको थियो ।

तर, यसपछि प्लेटमा नेपाली भाषाको अंक र अक्षर प्रयोग हुनुपर्ने माग भयो । तर, सरकारले अटेरी गरेपछि विवाद सर्वोच्च अदालतमा पुग्यो ।

अधिवक्ताद्वय भरतकुमार बस्नेत र राजन बुर्लाकोटी सर्वोच्चमा रिट लिएर पुगेपछि तत्कालीन सरकारले कानुनी प्रतिरक्षामा गऱ्यो । तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुलीको एकल इजलासले १० फागुन २०७४ मा सवारी साधानमा तत्काल इम्बोस्ड नम्बर प्रयोग नगर्न अन्तरिम आदेश दिएर जडान रोक्यो ।

२७ मंसिर २०७६ मा पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणासहितको पाँच न्यायाधीशको संवैधानिक इजलासले उक्त रिट खारेज गरिदिएपछि यातायात व्यवस्था विभागले १ साउन २०७७ देखि बागमती प्रदेशमा स्वेच्छिक रुपमा इम्बोस्ड नम्बर प्लेटको वितरण थालेको थियो ।

भदौ २०७७ मा नेपाल प्रज्ञा प्रतिष्ठानका तत्कालीन कुलपति गंगाप्रसाद उप्रेतीले ध्यानाकर्षण गराएपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले भाषाको बारेमा चासो देखाउँदै प्लेट वितरण रोक्न निर्देशन दिएका थिए ।

सरकारी अधिकारीले प्रविधियुक्त 'आरएफआईडी गेट'ले देवनागरी लिपी 'रिड' गर्न नसक्ने भन्दै सर्वोच्चबाट भएको फैसलाको ब्रिफिङ गरेपछि ओली पनि निर्णयमा टिक्न सकेनन् । र, फागुन २०७८ देखि फेरि विभागले इम्बोस्ड प्लेट वितरण थाल्यो ।

तर, भाषा विवाद कायमै रहेपछि वर्तमान यसअघिका भौतिक पूर्वाधार तथा यातायातमन्त्री मोहम्मद इस्तियाक राईले यसबारे पुनर्विचार गर्ने निर्णय गरेका थिए । यसबारे अध्ययन गर्न बनेको कार्यदलले प्लेट नेपाली भाषामा लेख्न सकिने विभिनन विकल्प दिएर प्रतिवेदन दिएको थियो ।

त्यसकै आधारमा यातायात व्यवस्था ऐनमा रहेको इम्बोस्ड प्लेटको मापदण्ड र डिजाइन सच्याउने गरी कानुन मन्त्रालयसँग यातायात मन्त्रालयले राय मागेको थियो । तर, ऐन नै संशोधन गर्नुपर्ने भएपछि मन्त्री राई पछि हटेका थिए । यसपछि यातायात मन्त्री भएका नारायणकाजी श्रेष्ठले परेमा ऐन नै संशोधन गर्ने भन्दै थप लागत नपर्ने गरी नेपाली भाषा कायम गर्ने अडान लिएका थिए ।

राजपत्रमा सूचना निकालेर इम्बोस्ड नम्बर प्लेट अनिवार्य हुने व्यवस्था गरिएपनि उपभोक्ताले सरकारी कदमको विरोध गर्दै आएका छन् । त्यसैले सरकारले यसको शुल्क पनि घटाउन अध्ययन गरिरहेकेको यातायात मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

यसैकारण इम्बोस्डमा अलमल सकिएको छैन । अहिलेको ठेक्का सम्झौताअनुसार २०८० असार मसान्तसम्म करिब बाँकी २२ लाख वटा इम्बोस्ड प्लेट छापिसक्नु पर्ने अवस्था समेत छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'प्रसाद २'को प्रदर्शन रोकिँदा 'बहाव'लाई राहत

काठमाडौं/गत भदौ महिनादेखि प्राय: हरेक हप्ता नेपाली फिल्मबीच भिडन्त हुँदै आइरहेको छ । आगामी बैशाख १ गते त झन् चार वटा फिल्म एकआपसमा भिड्ने तयारीमा छन् । यही शुक्रबार पनि दुई फिल्म 'प्रसाद २' र 'बहाव' एकसाथ रिलिज हुँदै थिए । तर, मंगलबार उच्च अदालत पाटनले 'प्रसाद २'को प्रदर्शन रोक्न अन्तरिम आदेश जारी गरेपछि अब 'बहाव' एकल प्रदर्शनमा आउने भएको छ ।




केशव पाण्डेले आफ्नो ९० प्रतिशत स्वामित्व रहेको फिल्म अनुमति बिना प्रदर्शन गर्न लागेको र निर्माता सुभाष थापाले आफ्नो पैसा फिर्ता नगरेको भन्दै रिट दायर गरेपछि अदालतले 'प्रसाद २'को प्रदर्शन नगर्न आदेश जारी गरेको हो । उच्च अदालतको आदेशसँगै फिल्मको सेन्सर पनि रोकिएको छ । २०७५ सालको सुपरहिट फिल्मको सिक्वेल भएका कारण यो फिल्मप्रति धेरैको आशा थियो ।

नाम चलेका कलाकारको जत्था र फिल्मको नाम नै ब्रान्ड भएकाले 'प्रसाद २'सँगको भिडन्त 'बहाव'का लागि सहज थिएन । 'छक्का पन्जा ४'सँग भिड्दा 'छड्के २'ले बेहोर्नु परेको हविगत सबैमाझ छर्लङ छ । यसैले 'बहाव' टिम ठूलो फिल्मसँग भिड्दा के हुने हो भन्ने कुराले धेरथोर बेचैन थियो । तर, अदालतले नै 'प्रसाद २'को प्रदर्शनमा अंकुश लगाएपछि 'बहाव'लाई ठूलो राहत मिलेको छ ।

समीक्षा र दर्शक प्रतिक्रिया दुवै उत्कृष्ट मिलेको अवस्थामा 'बहाव'ले प्रदर्शनको एक हप्ता हलमा आफ्नो बलियो उपस्थिति जनाउन सक्नेछ । दोस्रो हप्तामा भने फिल्म प्रदर्शनको मारामार रहेकाले 'बहाव'लाई टिक्न गाह्रो पर्नेछ । यद्यपि, सोलो रिलिजको अवसर पाउनु नै फिल्मका लागि सबैभन्दा ठूलो युद्ध जित्नु बाराबर हो । अब बक्सअफिसमा फिल्मले कस्तो बहाव ल्याउँछ, हेर्न बाँकी छ ।

# 'वार २'मा हुँदैछन् ऋतिक र जूनियर एनटीआर आमने-सामने

एजेन्सी, मुम्बई/सन् २०१९ को ब्लकबस्टर फिल्म 'वार'को दोस्रो श्रृंखलामा बलिउड र साउथ फिल्मका दुई सुपरस्टार आमने-सामने हुने भएका छन् । पहिलो श्रृंखलामा ऋतिक रोशन र टाइगर श्राफ मुख्य भूमिकामा रहेकोमा फिल्मको दोस्रो फ्रेन्चाइजमा ऋतिक यथावत् छन् भने अर्को क्यारेक्टरमा साउथ सुपरस्टार जूनियर एनटीआरको प्रवेश भएको छ । दुवैले पहिलो पटक एकसाथ काम गर्न लागेका हुन् ।



फिल्म 'आरआरआर'को सफलता र 'नाटू नाटू' गीतले ओस्कार अवार्ड जितेपछि एनटीआरको लोकप्रियता संसारभर चुलिएको छ । यसैलाई मध्यनजर गर्दै निर्माण कम्पनी यशराजले 'वार २'मा उनलाई महंगो पारिश्रमिक तिरेर भित्राएको हो । ऋतिकझैं एनटीआर पनि एक्सन र नृत्यमा अब्बल मानिन्छन् । फिल्ममा उनीहरुबीच खतरनाक एक्सन सिन हुने भारतीय मिडियाले दाबी गरेका छन् ।

फिल्मलाई अयान मुखर्जीले निर्देशन गर्नेछन् । अयानले यसअघि 'ये जवानी है दीवानी', 'ब्रह्मास्त्र' फिल्म निर्देशन गरिसकेका छन् । 'वार'लाई भने सिद्धार्थ आनन्दले निर्देशन गरेका थिए । डेढ सय करोडमा निर्माण भएको यो फिल्मले भारतमा मात्रै ३ सय करोडको कलेक्सन गरेको थियो । 'वार २'मा ऋतिक र एनटीआरमध्ये को हिरो र को भिलेनको भूमिकामा हुन्छन् भन्ने खुलासा भएको छैन ।

# डिजेल लिटरमा १० रुपैयाँले सस्तिंदा पनि घटेन गाडी भाडा

काठमाडौं/सरकारले २० चैतमा डिजेलको मूल्य प्रतिलिटर १० रुपैयाँ घटायो । धेरैले अपेक्षा गरेका थिए, अब सार्वजनिक सवारीको पनि भाडा घट्ला । तर, सोचेजस्तो भएन बुधबारसम्म यातायात व्यवस्था विभागले अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीको भाडा घटाएको छैन ।



प्रतिलिटर १७५ रुपैयाँ रहेको डिजेलको मूल्य अहिले १६५ रुपैयाँमा झरेको छ । लिटरमै १० रुपैयाँ सस्तो हुँदा पनि किन मूल्य घटेन भन्ने आम जिज्ञाशा छ ।

तर, विभागको भनाइ मान्ने हो भने अहिलेकै अवस्थामा सार्वजनिक सवारीको भाडा सस्तिने छैन । विभागले यसमा सार्वजनिक सवारीको स्वचालित मूल्य समायोजनको व्यवस्थालाई कारणका रुपमा देखाएको छ ।

विभागले तेलको मूल्य ५ प्रतिशत तलमाथि भए मात्रै भाडा घटबढ हुने व्यवस्था लागू रहेको तर्क गरेको छ । विभागका निर्देशक रामचन्द्र पौडेल अहिले लिटरमा १० रुपैयाँ सस्तो भएपनि यसअघि भाडा समायोजन भएको बेलाको तेलको मूल्यको तुलनामा ५ प्रतिशत मूल्य नघटेको बताउँछन् ।

'गत असार २७मा भाडा समायोजन गर्दा डिजेलको मूल्य १७२ रुपैयाँ प्रतिलिटर थियो, अहिले त्यो १६५ रुपैयाँमा झरेको छ,' उनी भन्छन्,'भाडा समायोजन हुँदाभन्दा ७ रुपैयाँ मूल्य घटेपनि १७२ रुपैयाँको ५ प्रतिशत पुगेको छैन, भाडादर घट्न कम्तिमा ८.६ रुपैयाँ तेलको मूल्य सस्तो हुनुपर्थ्यो ।'

उनका अनुसार १७५ रूपैयाँलाई आधार मान्दा घटबढ प्रतिशत ५ प्रतिशत पुग्ने भएपनि समायोजन हुँदा कै मूल्यलाई आधार मान्नुपर्ने व्यवस्था भएकाले भाडा घटाउन नसकिएको हो ।

यसअनुसार अब डिजेल लिटरमा१.६० रुपैयाँ सस्तो भयो भने मात्रै भाडा समायोजन हुने छ । सरकारले करिब लिटरमा २ रुपैयाँ मूल्य घटाउन नचाहँदा त्यसको लाभ यातायात व्यवसायीले उठाउन पाएका छन् ।

'समायोजन भएका बेलाको डिजेलको मूल्यमा ५ प्रतिशत घटबढ जे भएपनि फेरि भाडा समायोजन हुन्छ,' विभागका निर्देशक पौडेल भन्छन्,'कानुनी व्यवस्थाअनुसार नै अहिले भाडा समायोजन गर्न नसकिने अवस्था छ ।'

**पसल बिक्रीमा**

हेटौंडाको स्कूलरोडमा चालु अवस्थामा रहेको श्री गणेश इलेक्ट्रोनिक्स पसल विशेष कारणबास विक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८०१३३२१२२**

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।


Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

*"सुनमा शुद्धता डिजाइनमा आधुनिकता"*

**आधुनिक सुन चाँदी पसल**

हेटौंडा-२, पुरानो मकवानपुर रोड




हामीकहाँ आधुनिक डिजाइनका गर गहना बनाउनुका साथै खरिद बिक्री गरिन्छ ।

**प्रो. राजु सेन्चुरी**
सम्पर्क नं. : ९८४५५३९५६३, ९८१५२२४३४३

**कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्**

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

"तपाईं हामी सबैको कुरा"

साझाकुरा


कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

**साझाकुरा** राष्ट्रिय दैनिक

वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com



# चालू शैक्षिक वर्षमा २ हजार जनाद्वारा जनप्रिय भ्रमण

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ शैक्षणिक विधिलाई प्रविधिमैत्री बनाउँदै गुणस्तरीय शिक्षा प्रदानमा लागेको हेटौंडास्थित जनप्रिय माध्यमिक विद्यालय नयाँ परिचय स्थापित गर्न संघर्षत छ ।

जिल्लामै दोस्रो गणित विषयको विषयगत ल्याव, सामुदायिक विद्यालयमध्ये देशमै पहिलो सुविधा सम्पन्न स्टुडियो सहितको सञ्चार कक्षलगायतका नवीनतम अभ्यासहरु प्रयोग गरिरहेको जनप्रिय पछिल्लो समय शैक्षिक पर्यटकीयस्थलका रुपमा देखा परेको छ । हेटौंडा-१६, स्थित मदन-भण्डारी मार्गसँग जोडिएको जनप्रिय माध्यमिक विद्यालयको अवलोकनका लागि विद्यार्थी तथा शिक्षकहरु नियमित आउने गरेका छन् । शैक्षिक पर्यटकीयस्थलका रुपमा परिचित हुँदै गएको जनप्रियमा करिब एक वर्षभित्र मात्रै दुई हजार जनाले भ्रमण गरिसकेका छन् ।

शैक्षिक वर्ष-२०७९ मा मात्रै जनप्रियमा देशभरबाट शिक्षक, विद्यार्थी शैक्षिक प्रशासक तथा सरोकारवाला गरी करिव २ हजार जनाको संख्याले विद्यालय भ्रमण गरेको शिक्षक सुनिल गौतमले जानकारी दिए । मंगलबार मात्रै भरतपुर महानगरका माध्यमिक तह सञ्चालन भएका सबै विद्यालयका प्रधानाध्याक र गणित विषय शिक्षक र शिक्षासेवी सहित करिव १ सय ३० जनाको संख्याले विद्यालयको अवलोकन भ्रमण गरेका थिए । प्रधानाध्यापक भुपेन्द्र चौलागाईका अनुसार गणित विषयको विषयगत ल्याव, सुविधा सम्पन्न स्टुडियोसहितको सञ्चार कक्षलगायतका नवीनतम अभ्यासको निरीक्षणका लागि सबैमा जनप्रिय रोजाइमा परेको हो ।

भरतपुर महानगरका शिक्षा प्रमुख महेन्द्र पौडेलसहितको टोलीले विद्यालयमा रहेका गणित विषयको विषयगत ल्याव, सञ्चार कक्ष, बागबानी स्थल, प्राविधिक धारका विभिन्न विधागत ल्याबहरु अवलोकन गरेको चौलागाईले बताए । पौडेलले शैक्षिक अवलोकनका प्रमुखस्थलमध्ये जनप्रिय माविको नवीनतम अभ्यासहरु छुटेमा त्यो भ्रमण पूर्ण र सार्थक नहुने प्रतिक्रिया दिए । गणित जस्तो अमूर्त धारणा हुने विषयलाई पनि मूर्त वस्तु र सामग्रीको प्रयोगबाट सजिलै शिक्षण गर्न सकिने हुँदा यसको प्रयोगमा आफूहरु लागिपरेको प्रधानाध्यापक चौलागाई बताउँछन् । यता विद्यार्थीको रचनात्मक र मौलिक सीप एवम् आधुनिक सञ्चार सीपको विकासमा जनप्रिय सञ्चार कक्षको प्रयोग अत्यन्तै सकरात्मक रहेको सञ्चार कक्षका संप्रस पौडेलले जानकारी दिए ।

सञ्चार कक्षका संयोजक सुनिल गौतमले सञ्चार कक्षको प्रयोग र त्यसको उपलव्धीबारे आगन्तुकलाई प्रष्ट पारेका थिए । भ्रमण टोलीलाई हेटौंडा उपमहानगरपालिका वडा नं १६ का वडाअध्यक्ष रामकृष्ण कोईराला र विद्यालय व्यवस्थापन समितिका सदस्य कृष्णप्रसाद पनेरु तथा शिक्षक प्रतिनिधि बिष्णुहरि गौतमलगायतले स्वागत गर्दै भ्रमण सफलताको शुभकामना व्यक्त गरे । सहजीकरणमा विद्यालयका सहायक प्रधानाध्यापक रामआशिष मण्डल, अनुशासन विभागका संयोजक एवम् सञ्चार विभागका सदस्य रविन श्रेष्ठ, बागबानी संयोजक सुजन कंडेल, गणित विषय शिक्षक अजन्ता पराजुलीलगायतले भूमिका निर्वाह गरेका थिए ।

# गणतन्त्रको सुदृढीकरण एमालेले गर्छः गुरुङ

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/नेकपा एमाले पोलिटब्यूरो सदस्य तथा पूर्वसञ्चारमन्त्री पार्वत गुरुङले देशको संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाको सुदृढीकरण एमालेले गर्ने बताएका छन् ।

व्यवस्था परिवर्तनको कार्यभार पूरा भइसकेकोले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढीकरणको लागि सामाजिक, आर्थिक, सांस्कृतिक रुपान्तरण आवश्यक रहेको र अभियानको नेतृत्व नेकपा एमालेले गरिरहेको गुरुङले दाबी गरेका छन् । नेकपा एमाले हेटौंडा-४ नम्बर वडा कमिटीद्वारा आयोजित मिसन ग्रासरुटअन्तर्गतको कार्यक्रममा बोल्दै नेता गुरुङले नेपालको राजनीतिमा नेकपा एमाले पहिलो पार्टी भएको बताए । संगठन संरचना, विस्तार, गतिविधि, राष्ट्रिय राजनीतिमा लिएको सहि अडान र संघीय निर्वाचन प्राप्त जनमतले नेकपा एमाले पहिलो पार्टी भएको उनको भनाई छ । राजनीतिमा जनताको गुम्दै गएको विश्वासलाई जगाउन नेकपा एमालेका हरेक कार्यकर्ताहरु क्रियाशील हुनपर्नेमा गुरुङको जोड रहेको थियो ।

पार्टी ४ नम्बर वडा कमिटी अध्यक्ष राजेन्द्रकुमार बास्ताकोटीको सभाध्यक्षतामा भएको भेलामा एमाले जिल्ला कमिटीका अध्यक्ष तथा बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, सचिव नवीन सिग्देलले प्रशिक्षणात्मक मन्तव्य राखेका छन् । कार्यक्रममा पार्टी जिल्ला सचिवालय सदस्य सुनिल मुक्तान, जिल्ला सदस्यहरु भवानी शर्मा, जगन्नाथ पाण्डे, शालिकराम ढकाल, उपमहानगर कमिटीका अध्यक्ष शालिकराम पुडासैनी, उपसचिवहरु जनरल श्रेष्ठ, उर्मिला श्रेष्ठलगायतको उपस्थिति रहेको थियो ।

# बागमतीमा पक्की सडकको उद्घाटन

साझाकुरा संवाददाता

हेटौंडा, २२ चैत/ जिल्लाको पूर्वीक्षेत्रस्थित बागमती गाउँपालिकामा स्ल्याब ढलान सडकको उद्घाटन गरिएको छ । बागमती प्रदेशसभा सदस्य प्रेमबहादुर पुलामी र बागमती गाउँपालिका अध्यक्ष सर्केश घलानले सडकको उदघाटन गरेका छन् ।



बागमती गाउँपालिका वडा नम्बर ८ मा प्रदेश सरकार मार्फत् बिनियोजित २० लाख बजेटबाट पक्की सडक निर्माण गरिएको थियो । स्ल्याब ढलानमा १ लाख ९२ हजार जनश्रमदान गरिएको छ । स्ल्याब ढलान गरिसक्नुपर्ने मिति अगावै निर्माण सकिएको हो । सहरी विकास तथा भवन कार्यालय, मकवानपुरसँग उपभोक्ता समितिले १३ वैशाख २०८० भित्र सडक निर्माण गरिसक्नुपर्ने सम्झौता थियो ।

फापरबारी बजार नजिक शान्तिपुर न्युरेनी सफल टोलबासीलाई पक्की सडक निर्माण भएपछि राहत महशुस भएको मोटर बाटो निर्माण उपभोक्ता समिति अध्यक्ष सुमन थोकरले बताए । विगतका कच्ची सडक हुँदा धेरै कष्ट बनेको थोकलरे बताए । निर्वाचनको समयमा गरेको प्रतिबद्धता पूरा गर्न लागिपरेको सांसद पुलामीले बताए ।

सडक निर्माण पनि प्रतिबद्धता भित्रकै रहेको उनले बताए । गाउँपालिका अध्यक्ष घलानले अब युवाहरु 'आफ्नो गाउँ आफैं बनाउँ' भनेर लाग्नुपर्ने बताए । सडक उदघाटन कार्यक्रममा बागमती गाउँपालिका उपाध्यक्ष फडिन्द्र तिमल्सिना, नेकपा माओवादी केन्द्र बागमती गाउँ कमिटी अध्यक्ष तथा मकवानपुर जिल्ला खेलकुद विकास समिति उपाध्यक्ष अरुण बल, प्रदेश कमिटी सदस्य लालसिं सिंतान, कार्यपालिका सदस्य सुनिता नेगी, वाइसीएल बागमती गाउँपालिका अध्यक्ष आकाश लोप्चनलगायतको उपस्थिति रहेको थियो ।

# शैक्षिकस्तर गुणस्तर बनाउन सुझाव

हेटौंडा, २२ चैत/ जिल्लाकै पुरानो सामुदायिक विद्यालय भूटनदेवी माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय) को शैक्षिकस्तर गुणस्तरीय बनाउन सरोकारवालाले सुझाव दिएका छन् ।

हेटौंडा उपमहानगर पालिका-४ भुटनदेवी माविको हलमा भएको अर्न्तक्रिया कार्यक्रममा सहभागी सरोकारवालाले जिल्लाकै पुरानो सामुदायिक विद्यालयको शैक्षिकस्तर पूर्णरुपमा सुधार गर्न सुझाव दिएका हुन् । विद्यालयको शैक्षिकस्तर सुधार गर्न विद्यार्थी, शिक्षक, अभिभावक, प्रअ, विद्यालय व्यवस्थापन समिति सबैले आ-आफ्नो स्थानबाट रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिइएको थियो । शैक्षिक बर्ष २०८० सालको वार्षिक कार्ययोजना, शैक्षिक सुधार, सुझाव संकलन तथा व्यवस्थापन सम्बन्धी अर्न्तक्रिया कार्यक्रममा सहभागीहरुले सहकार्य, समन्वय, छलफल र अन्तरक्रियाको माध्यमबाट विद्यालयको समस्या हलगर्दै विद्यार्थी र विद्यालयको अवस्था परिवर्तन हुनेगरी काम गर्नुपर्नेमा जोड दिए ।

अर्न्तक्रिया कार्यक्रममा जनप्रतिनिधि, विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, टोल विकास संस्थाका प्रतिनिधिलगायतको सहभागिता थियो । कार्यक्रममा विद्यालय प्रध्यानाध्यापक माधवप्रसाद दाहालले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै स्वागत गरेका थिए । नारायण तिमल्सिनाको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-४ का वडाअध्यक्ष नवीन सिग्देल, हेटौंडा-१० का वडाअध्यक्ष तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष फुर्वा दोर्जे तामाङ, गोविन्द दाहाल, जगन्नाथ पाण्डे, कृष्ण कँडेल, लक्ष्मी अधिकारी, बालकृष्ण दाहाल, प्रदीप कोइराला लगायतको उपस्थिति थियो ।

## प्रदेश खेलकुद विकास परिषद्

**बागमती प्रदेश**

**हेटौंडा, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७९/१२/२३**

यस श्री प्रदेश खेलकुद विकास परिषद, बागमती प्रदेशको प्रथम पटक मिति २०७९/१०/२७ गते राष्ट्रिय दैनिक पत्रिका तथा PPMO को E–Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार पेश हुन आएका बोलपत्रहरु मध्य तपशिल बमोजिम बोलपत्र न्यूनतम मुल्याङ्कित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आएबमोजिम सार्बजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | बोलपत्र नं | कामको विवरण | सफल बोलपत्रदाताको नाम र ठेगाना | प्रस्तावित रकम (VAT सहित ) |
|---|---|---|---|---|
| 1. | PSDC/NCB/ Works/04/ 2079/080 | PRADESH KHELKUD BIKASH PARISADHMA SABHAHAL NIRMAAN | UNIQUE NEPAL NIRMAN SEWA PVT. LTD, BAKAIYA, MAKWANPUR | २७,०५,९०३.७१ |

**सदस्य सचिव**

## हार्दिक समवेदना



जन्म २०११-१०-२५

मृत्यु २०७९-१२-११

स्व. सूर्यलाल राजथला

हाम्रो आदरणीय दाजु **सूर्यलाल राजथला मस्ताना**को असामयिक स्वर्गारोहण भएकोमा हामी ज्यादै मर्माहित भएका छौं । १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् भन्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नन्द किशोर बानियाँ, गायत्रीदेवी बानियाँ
नविन बानियाँ, नम्रता बानियाँ
तथा **सम्पूर्ण बानियाँ परिवार**

Education is the real treasure

ADMISSIONS OPEN FOR 2080
From Nursery to Grade 9

Scholarships
a feature of socially resposible institution ....



www.admission.hetaudaacademy.edu.np APPLY NOW
Entrance Date : 25 Chaitra 2079

Madhav Raj Sumargi Memorial Scholarship based on
Entrance Tests 189+Seats
Rup Chandra Bista "Thaha" Memorial Scholarship based on
Students' Talent 108+Seats
Bishwakanti Kalawati Sumargi Scholarship based on
Students' Rank 39+Seats

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547
www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np
ANDROID APP ON Google play
Available on the App Store

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना